<u>सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक पदमा दरखास्तको लागि आवश्यक विवरण</u>

**१. आवश्यक न्यूनतम योग्यता**

क. कम्तीमा तीस वर्ष उमेर पूरा भएको र साठी वर्ष उमेर ननाघेको नेपाली नागरिक ।

ख. मान्यता प्राप्त विश्वविद्यालयबाट कम्प्युटर इन्जिनियरिङ्ग, इलेक्ट्रिकल इन्जिनियरिङ्ग, इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग, मेकानिकल इन्जिनियरिङ्ग, सूचना प्रविधि वा व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको।

ग. कानून बमोजिम दर्ता भएको सरकारी, निजी, गैरसरकारी निकायको व्यवस्थापकीय तहमा कम्तीमा पाँच वर्षको अनुभव हासिल गरेको।

घ. भविष्यमा सरकारी सेवा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व रहेको संस्थाको सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको।

ङ. भ्रष्टाचार, जबरजस्ती करणी, लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसार पसार, लागू औषध, सम्पत्ति शुद्धीकरण, राहदानी दूरुपयोग, अपहरण, सङ्गठित अपराध वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको ।

च. कुनै विदेशी राष्ट्रको स्थायी आवसीय अनुमतिपत्र वा नागरिकता नलिएको।

छ. प्रचलित कानून बमोजिम नियुक्ति हुन अयोग्य नठहरिएको।

**२. दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजातहरू**

क. संलग्न ढाँचा बमोजिमको आवेदन र दरखास्त फाराम

ख. नेपाली नागरिकता र राष्ट्रिय परिचयपत्रको प्रमाणपत्रको प्रतिलिपि

ग. योग्यता समेत खुल्ने व्यक्तिगत विवरण (Bio data)

घ. शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको योग्यता भए समकक्षता प्रमाणपत्र समेत)

ङ. अनुभवको अवधि समेत खुल्ने कागजातको प्रतिलिपी

च. नेपाली वा अङ्ग्रेजी भाषामा A4 Size कागजमा तयार गरिएको ३००० देखि ५००० शब्दको शिलबन्दी व्यावसायिक कार्ययोजना

***नोटः Cover Page मा आफ्नो नाम लेखिएको र अन्यत्र कहीं आफूलाई चिनाउने कुनै सङ्केत हुन नहुने।***

छ. हालसालै खिचेको दुई प्रति पासपोर्ट साइजको फोटो

ज. तोकिए बमोजिम स्वघोषणा फाराम

**** शैक्षिक योग्यता र अनुभवको प्रमाणपत्रमा स्वयंले हस्ताक्षरसहित प्रमाणित गरेको हुनुपर्नेछ।***

**३. संलग्न ढाँचा बमोजिमको आवेदन र दरखास्त फाराम**

**४. संलग्न ढाँचा बमोजिमको स्वघोषणा**

**५. दरखास्त पेश गर्ने स्थान: सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, संस्थान समन्वय शाखा, सिंहदरबार ।**

**दरखास्त मन्त्रालयको इमेल info@mocit.gov.np मा समेत पठाउन सकिनेछ।**

**नोटः** थप जानकारी आवश्यक परेमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको इमेल info@mocit.gov.np वा फोन नं 01-4211979 मा सम्पर्क गर्न सकिनेछ । रित नपुगी आएको र समयभित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारवाही गरिनेछैन ।दरखास्त स्वीकृत वा अस्वीकृत गर्ने अधिकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा रहनेछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

मिति : ......................

**श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,**
**सिंहदरबार, काठमाडौं।**

विषय: **दरखास्त पेश गरेको ।**

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मिति २०८३/०१/२६ मा गोरखापत्र दैनिकमा प्रकाशित सूचना बमोजिम बैयक्तिक विवरण सहित ...................................पदको लागि तोकिए बमोजिमका कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु।

हस्ताक्षर :

नाम, थर :

सम्पर्क नम्बर :

# दरखास्त फाराम

| फोटो |
|---|

## क. बैयक्तिक विवरण

१. उम्मेद्वारको नाम थर

नेपालीमा :

अङ्ग्रेजीमा :

२. जन्म मिति

वि.सं. : ई.स. :

३. स्थायी ठेगाना

प्रदेश : ............................ जिल्ला : ...................... पालिका : ..................................... वडा नं......

४. अस्थायी ठेगाना

प्रदेश : ............................ जिल्ला : ...................... पालिका : ..................................... वडा नं......

५. नागरिकताको प्रमाणपत्र नं. :.............................................. जारी जिल्ला र मिति :.......................................

६. पति/पत्निको नाम :

७. बाबु/आमाको नाम :

८. बाजेको नामः

९. स्थायी लेखा नम्बरः

१०. सम्पर्क नम्बर :

११. इमेल ठेगाना :

## ख. शैक्षिक योग्यताको विवरण

| क्र.सं. | उपाधि | विश्वविद्यालय | श्रेणी वा जि.पि.ए. | उत्तीर्ण साल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## ग. अनुभवको विवरण

| क्र.सं. | काम गरेको निकाय | पद | कार्य अवधि | | मुख्य कार्य विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## घ. संलग्न कागजातहरु :

१.
२.
३.
४.
५.

माथि उल्लेख भएका सबै विवरण र कागजात साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

दस्तखत :

मिति :

| दायाँ | बायाँ |
|---|---|
| | |

# स्वघोषणापत्र

म मुलुक र जनताको सर्वोत्तम हितलाई ध्यानमा राखी, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पदीय जिम्मेवारी निर्वाह गर्नका लागि ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... को ... ... ... ... ... ... ... ... ... पदमा नियुक्ति/मनोनीत हुनका लागि प्रचलित कानुनमा तोकिएबमोजिमका सम्पूर्ण योग्यता पूरा गरेको एवं कानुनबमोजिम अयोग्य नरहेको हुँदा देहायबमोजिमका विवरणसहित यो स्वघोषणा गरी पेस गरेको छु।

१. **नाम, थर (नेपालीमा):**

**Name (In English):**

२. **जन्म मितिः वि.सं.:** **इ.सं.:**

३. **स्थायी ठेगानाः**

**अस्थायी ठेगानाः**

४. **नागरिकता प्रमाणपत्र / राष्ट्रिय परिचयपत्र नं.:**

**जारी मिति र जिल्लाः**

५. **सम्पर्क नं.:**

६. **इमेलः**

७. **शैक्षिक योग्यताः**

८. मैले कुनै पनि विदेशी मुलुकको नागरिकता वा स्थायी/अस्थायी आवासीय अनुमति पत्र वा सुविधा प्राप्त गरेको छैन।

९. म हाल कुनै पनि अन्तर्राष्ट्रिय वा विदेशी सहायताद्वारा सञ्चालित गैरसरकारी संस्थामा आबद्ध छैन।

१०. म भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको छैन।

११. म हाल कुनै पनि राजनीतिक दलको सदस्य रहेको छैन।

१२. मैले भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको छैन।

१३. मेरा विरुद्धमा कुनै पनि तहको अदालतबाट कुनै पनि किसिमको सजाय वा जरिवाना तोकिएको छैन र मैले तिर्न बुझाउनसमेत बाँकी छैन।

१४. नियुक्ति/मनोनीत हुन लागेको संस्था वा निकायसँग पेसागत वा व्यावसायिक रूपले मेरो कुनै किसिमले स्वार्थ बाझिने अवस्था रहेको छैन।

१५. नियुक्ति हुँदाको बखत आमसञ्चार संस्थाको पदाधिकारी, सञ्चालक वा सम्पादक नरहेको।

**मैले माथि गरिदिएको स्वघोषणाको व्यहोरा ठिक साँचो हो। झुट्टा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला।**

**स्वघोषणा गर्ने व्यक्तिको -**

**दस्तखतः**

दायाँ | बायाँ

**मितिः**

**स्वघोषणा गराउने अधिकृतको-**
(सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको)

**दस्तखतः**

**नाम, थरः**

**पदः**

**कार्यालयः**